# लगानी सम्बन्धी सूचना

यस विभागद्वारा सञ्चालित ग्रामीण स्वावलम्बन कोषमा रहेको रकम लगानी गर्नु परेकोले यस बैंकबाट इजाजतपत्रप्राप्त तल उल्लिखित शर्तहरू पूरा गरेका 'क' वर्गका वाणिज्य बैंकहरूबाट आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस बैंकले तोकेको शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भरी कुल लगानी गर्न लागिएको रकम रु.५७ करोडमध्ये ६ महिने मुद्दती निक्षेपमा रु.३० करोड, ३ महिने मुद्दती निक्षेपमा रु. १५ करोड तथा कल निक्षेपमा रु.१२ करोड छुट्याइएकोले लिन चाहेको रकम खोली यस बैंकमा मिति २०७५ असोज २६ गते शुक्रबार दिउँसो १:३० बजेभित्र बुझाउन आव्हान गरिएको छ ।

शर्तहरू :

(क) बैंक सञ्चालनमा आएको कम्तिमा दुई बर्ष पूरा गरेको ।

(ख) यस बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम रहेको ।

(ग) निष्कृय कर्जा (एन.पी.एल.) कुल कर्जा सापटको पाँच प्रतिशत भन्दा कम भएको ।

(घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तिमा बीस प्रतिशत वा सो भन्दा बढी रहेको ।

(ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात यस बैंकले निर्धारण गरेको सीमाभित्र रहेको ।

(च) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरिसकेको ।

(छ) निकटतम अघिल्लो आ.व.मा सञ्चालन मुनाफा (व्यवस्था पछिको) मा रहेको ।

(ज) लगानी गरिने बैंकको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई यस बैंकले जरिवाना गरेको अवस्थामा त्यस्तो जरिवाना गरिएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालक बैंकमा नरहेको ।

(झ) शीघ्र सुधारात्मक कारबाहीमा परेको भए, फुकुवा भएको कम्तिमा ६ महिना पूरा भएको ।

(ञ) लगानी गरिने बैंक नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिमको कारबाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको ६ महिना अवधि पूरा भएको ।

(ट) रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको ।

मिति : २०७५।०६।२४

नेपाल राष्ट्र बैंक
लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग
ग्रामीण स्वावलम्बन कोष
बालुवाटार, काठमाण्डौं ।

श्रीमान् कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक
लघुवित्त प्रवर्द्धन तथा सुपरीवेक्षण विभाग
बालुवाटार, काठमाडौं ।

विषय : शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम ।

महोदय,

त्यस विभाग अन्तर्गतको ग्रामीण स्वावलम्बन कोषमा रहेको रकम बैंकहरूमा लगानी गर्ने सम्बन्धमा तहाँबाट मिति २०७५ असोज २४ गते भएको आव्हानबमोजिम तपशिलमा उल्लिखित सबै शर्तहरू यस बैंकले पूरा गरेको घोषणा गर्दै तलको तालिकामा उल्लेख भएबमोजिमको ब्याजदरमा सोही तालिकामा उल्लेख भएबमोजिमको रकम लिन इच्छुक भएकोले यो दरभाउपत्र पेश गरेका छौं ।

तपशिल :

| क्र.सं. | प्रस्तावित ब्याजदर | अबधि | लिन चाहेको रकम (रु.लाखमा) | |
|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम |
| १ | | ६ महिना | | |
| २ | | ३ महिना | | |
| ३ | | कल निक्षेप | | |

यस ....................................................बैंकको ............ महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ ।

| क्र.सं. | वित्तीय विवरण | वित्तीय सूचकांक |
|---|---|---|
| १ | पूँजीकोष % | |
| २ | निष्कृय कर्जा (एन.पी.एल.) % | |
| ३ | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेपको % | |
| ४ | कुल कर्जा (रु.) | |
| ५ | कर्जा/स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी अनुपात % | |
| ६ | चुक्ता पुंजी | |
| ७ | रियल स्टेट कर्जा/कुल कर्जा % | |
| ८ | सर्वसाधारणको कुल निक्षेप (रु.) | |
| ९ | निकटतम अघिल्लो आ.व.को सञ्चालन मुनाफा (व्यवस्था पछिको) (रु.) | |
| १० | नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथलीमा रहेको खाता नं. | |
| ११ | बैंकको आधिकारिक इमेल ठेगाना | |

बैंकको आधिकारिक पदाधिकारीको

दस्तखत :..................................

नाम :......................

पद :................ सम्पर्क नं.(मोबाईल) ......................

बैंकको नाम :

बैंकको ठेगाना :

बैंकको छाप :

फ्याक्स नं :

नोट : लगानीसँग सम्बन्धित आधिकारिक सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नम्बर यस फारामको अन्त्यमा अनिवार्य रूपमा उल्लेख भएको हुनुपर्नेछ ।